जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १६० • २०८३ साल कार्तिक १७ गते मंगलबार (3 November, Tuesday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

एनपीएल: काठमाण्डु गोर्खाजको पहिलो जित



टुडे समाचारदाता

जनकपुरधाम । नेपाल प्रिमियर लिग (एनपीएल) अन्तर्गत काठमाण्डु गोर्खाजले प्रतियोगितामा पहिलो जित दर्ता गरेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सोमबार सम्पन्न भएको खेलमा काठमाण्डुले कर्णाली याक्सलाई चार विकेटले पराजित गरेको हो । यससँगै कर्णालीले प्रतियोगितामा पहिलो हार बेहोरेको छ।

कर्णालीले दिएको १८१ रनको लक्ष्य काठमाडौंले १९.४ ओभरमा ६ विकेट गुमाएर पूरा गरेको थियो । काठमाण्डुको जितमा राशिद खानले सर्वाधिक ५० रन बनाएका थिए । करण केसीले ४४, आदिल आलमले २० तथा डेभिड वार्नरले १६ रनको योगदान दिए । जहानदाद खान २२ रनमा अविजित रहे । काठमाण्डुले अतिरिक्तबाट १० रन प्राप्त गरेको थियो ।

कर्णालीका सोमपाल कामी र हुसैन तलतले समान दुई तथा नन्दन यादव र मार्क वाटले एक-एक विकेट लिएका थिए ।

यस अघि टस हारेर पहिले ब्याटिङ गरेको कर्णालीले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १८० रन बनाएको थियो । कर्णालीका अरिफुल इस्लामले २१ बलमा पाँच चौका र तीन छक्कासहित ४४ रन बनाएका थिए । हुसैन तलतले ४०, पवन सर्राफले अविजित ३० तथा गुलशन झाले ११ बलमा २० रन जोड्न सके । मार्क वाटले १७ रन बनाएका थिए ।

काठमाण्डुका करण केसीले दुई विकेट लिए भने शाह आलम, देव शाह, सन्तोष यादव र जहानदाद खानले समान एक विकेट हात पारेका थिए ।

मधेशको सत्ता राजनीतिमा नयाँ मोडको संकेत

प्रचण्डको संवादले बढायो चासो, दलहरूबीच नेतृत्वको विवाद कायमै

टुडे समाचारदाता

जनकपुरधाम । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मधेश प्रदेश सरकार गठनका विषयमा विभिन्न राजनीतिक विकल्पमाथि दलहरूबीच सघन छलफल भइरहेको बताएका छन् । संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर राजनीतिक दलहरू प्रदेश सरकारको स्थायित्व सुनिश्चित गर्ने विषयमा गम्भीर संवादमा रहेको र छिट्टै निष्कर्षमा पुग्ने उनको अभिव्यक्तिले मधेशको सत्ता राजनीतिमा नयाँ तरंग पैदा गरेको छ ।

पार्टीको राष्ट्रिय जागरण अभियान अन्तर्गत मधेश प्रदेशका विभिन्न जिल्लामा आयोजित कार्यक्रममा सहभागी भइरहेका प्रचण्डले सोमबार महोत्तरीको बर्दिबासमा सञ्चारकर्मीसँग कुराकानी गर्दै सरकार गठनबारे भइरहेको छलफलबारे आफ्नो धारणा सार्वजनिक गरेक छन्। उनले प्रदेशमा स्थिर र प्रभावकारी सरकार निर्माणका लागि विभिन्न विकल्पमाथि छलफल भइरहेको बताउँदै दलहरूबीच सहमति कायम गर्ने प्रयास जारी रहेको स्पष्ट पारे ।

प्रचण्डको यो अभिव्यक्ति मधेश प्रदेशमा नयाँ सरकार गठनको विषय अन्योलमा रहेका बेला आएको छ । प्रदेशमा सरकार गठनका लागि नेकपा एमाले, जनता समाजवादी पार्टी (जसपा) नेपाल र जनमत पार्टीले सामूहिक रूपमा राजनीतिक कसरत गरिरहेका छन् । तर, सम्भावित सत्ता साझेदार दलहरूबीच नै मुख्यमन्त्रीको नेतृत्व कसले गर्ने भन्ने विषयमा सहमति जुट्न सकेको छैन ।

तीन दलबीच सत्ता सहकार्यको सम्भावना देखिए पनि नेतृत्वको दाबी र शक्ति बाँडफाँटको विषयमा



देखिएको मतभेदले सरकार गठन प्रक्रिया जटिल बनेको छ। एक दलले अर्को दलको नेतृत्व स्वीकार गर्न नसक्ने अवस्था रहँदा राजनीतिक सहमति निर्माणमा कठिनाइ उत्पन्न भएको छ । यही कारण नयाँ सरकार गठनका लागि आवश्यक प्रक्रिया अझै निर्णायक चरणमा प्रवेश गर्न सकेको छैन ।

प्रदेश प्रमुखको कार्यालयबाट नयाँ सरकार गठनका लागि आह्वानसमेत भइसकेको छैन । प्रदेशसभाले पनि मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको वर्तमान सरकारलाई विश्वासको मत लिनका लागि आह्वान गरेको छैन। यसले प्रदेशको राजनीतिक परिस्थिति थप अनिश्चित बनाएको छ ।

यस्तो अवस्थामा प्रचण्डले विभिन्न राजनीतिक विकल्पमा सघन छलफल भइरहेको बताउनुलाई अर्थपूर्ण रूपमा हेरिएको छ । उनको अभिव्यक्तिले मधेश प्रदेश सरकार गठनमा नेकपाको भूमिका र अन्य दलहरूसँग हुन सक्ने सम्भावित राजनीतिक सहकार्यबारे चासो बढाएको छ ।

नेकपा एमाले, जसपा नेपाल र जनमत पार्टीबीच नेतृत्वको विषयमा सहमति नजुटिरहेका बेला संघीय लोकतान्त्रिक गणतन्त्रका पक्षधर शक्तिहरूबीच संवाद भइरहेको प्रचण्डको भनाइले सरकार गठनको समीकरणमा थप विकल्प खुला रहेको संकेत गरेको छ। यद्यपि उनले कुन दलसँग, कुन विकल्पमा र कस्तो राजनीतिक सहमतिका लागि छलफल भइरहेको छ भन्ने विषय खुलाएका छैनन्।

अहिलेको मुख्य राजनीतिक प्रश्न नयाँ सरकार गठन हुने वा मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वकै वर्तमान सरकारले निरन्तरता पाउने भन्ने देखिन्छ । सम्भावित सत्ता साझेदार दलहरूबीच सहमति कायम भए नयाँ सरकार गठनको बाटो खुल्न सक्छ । तर, नेतृत्वमा सहमति जुट्न नसके वर्तमान सरकारको निरन्तरता वा अन्य राजनीतिक विकल्पको सम्भावना पनि कायम रहने देखिन्छ। यसैबीच, नेकपाले सञ्चालन गरिरहेको राष्ट्रिय जागरण अभियान पार्टीको आन्तरिक सांगठनिक सुदृढीकरणमा मुख्य रूपमा केन्द्रित रहेको प्रचण्डले बताएका छन् । पार्टी संगठनलाई थप व्यवस्थित, सशक्त र गतिशील बनाउने उद्देश्यले अभियान सञ्चालन गरिएको उल्लेख गर्दै उनले यसले गणतन्त्रवादी राजनीतिक शक्तिहरूबीचको सम्बन्धलाई समेत प्रगाढ बनाउने बताए ।

उनले अभियान संगठन विस्तार र आन्तरिक व्यवस्थापनमा मात्र सीमित नरहेको बताए । यसले राजनीतिक चेतना अभिवृद्धि, नेता तथा कार्यकर्ताबीचको सम्बन्ध सुदृढीकरण र संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर शक्तिहरूबीच सहकार्यको वातावरण निर्माण गर्नसमेत योगदान पुऱ्याउनेछ ।

अभियानकै सिलसिलामा प्रचण्ड पछिल्ला केही दिनदेखि मधेशका विभिन्न राजनीतिक तथा सांगठनिक गतिविधिमा सक्रिय छन् । उनी सर्लाहीमा आयोजित पार्टीको जिल्ला एकता भेला, प्रशिक्षण तथा जागरण अभियानअन्तर्गतका कार्यक्रममा सहभागी भएका थिए ।

सोही क्रममा सोमबार महोत्तरीको बर्दिबासमा आयोजित मधेश प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रममा नेकपाका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसहित प्रदेशभरिका केन्द्रीय सदस्य, प्रदेश पदाधिकारी, जिल्ला अध्यक्ष तथा संयोजकहरूको सहभागिता रहेको थियो। कार्यक्रममा अभियानको उद्देश्य, कार्यदिशा, संगठनात्मक अवस्था र आगामी कार्ययोजनाबारे छलफल गरिएको थियो ।

मधेश प्रदेशमा सत्ता समीकरणको अन्योल कायमै रहेका बेला प्रचण्डको पछिल्लो अभिव्यक्तिले राजनीतिक संवादलाई थप चासोको विषय बनाएको छ ।

छानबिनको निष्कर्ष नआएसम्म न्यायाधीशले इजलास नछोड्नेः सर्वोच्च अदालत

टुडे समाचारदाता

काठमाण्डु । न्यायपालिका र सर्वोच्च अदालतका प्रधानन्यायाधीश तथा न्यायाधीशहरूमाथि गम्भीर प्रश्न उठेपछि बसेको सर्वोच्च अदालतको पूर्ण बैठक (फुल कोर्ट) ले छानबिनको निष्कर्ष नआएसम्म न्यायिक कामबाट विमुख नहुने सन्देश दिएको छ। सोमबार सम्पन्न बैठकले पाँचबुँदे निर्णय गर्दै आरोपका आधारमा कसैलाई दोषी करार नगर्न र निष्पक्ष छानबिनबाट सत्यतथ्य सार्वजनिक गर्न सम्बन्धित निकायलाई आग्रह गरेको छ।

प्रधानन्यायाधीश मनोजकुमार शर्मादेखि केही न्यायाधीशको नाम जोडेर आर्थिक लेनदेन र मुद्दा प्रभावित पार्न खोजिएको विषय सार्वजनिक भएपछि सर्वोच्च अदालतको फुल कोर्ट बैठक बसेको छ । शुक्रबार शुरु भएको बैठकमा १६ मध्ये १४ जना न्यायाधीश उपस्थित थिए। पहिलो दिन कुनै निष्कर्ष निस्कन नसकेपछि सोमबार पुनः बैठक बसेर पाँचबुँदे निर्णय सार्वजनिक गरिएको छ।

सो बैठकले प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशहरूको नाम जोडेर विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमा प्रकाशित तथा प्रसारित समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। निर्णयको पृष्ठभूमिमा सम्बन्धित प्रधानन्यायाधीश र न्यायाधीशहरूले यसअघि नै आफ्नो धारणा लिखित रूपमा सार्वजनिक गरिसकेको उल्लेख गरिएको छ।

फुल कोर्टले पहिलो बुँदामा संविधानको सर्वोच्चता र कानुनी शासनप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याएको छ । संविधान र कानुनको सर्वोच्चता आफ्नो अटल आस्था र प्रतिबद्धता भएको जनाउँदै त्यसप्रति गम्भीर हुन सबैलाई आग्रह गरेको छ।

त्यस्तै दोस्रो बुँदामा भने सार्वजनिक भएका समाचारमा उठाइएका आर्थिक लेनदेन तथा मुद्दा प्रभावित पार्न खोजिएको विषयलाई सम्बोधन गरिएको छ। सर्वोच्चले ती समाचारलाई अस्वीकार गर्नुको सट्टा निष्पक्ष, स्वतन्त्र र पूर्वाग्रहरहित छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न सम्बन्धित निकायलाई आग्रह गरेको छ।

'सार्वजनिक रूपमा प्रकाशित र प्रसारित विषयका सम्बन्धमा बिनापूर्वाग्रह, निष्पक्ष एवं स्वतन्त्र ढंगबाट संविधान र कानुनबमोजिम छानबिन गरी सत्य, तथ्यसहितको निष्कर्ष



यथाशीघ्र सार्वजनिक गर्न सम्बद्ध निकायलाई आग्रह गर्दछौं,' निर्णयमा भनिएको छ।

त्यसैगरी तेस्रो बुँदामा छानबिन तथा अनुसन्धानका क्रममा कानुनबमोजिम निर्वाह गर्नुपर्ने जवाफदेहिता र सहयोगका लागि प्रतिबद्ध रहेको सर्वोच्चले स्पष्ट पारेको छ। सञ्चारमाध्यममा आएका समाचारको विषयमा हुने अनुसन्धानमा सहयोग गर्ने प्रतिबद्धता जनाउँदै अदालतले कानुनी प्रक्रियाबाट पछि नहट्ने सन्देश दिएको छ।

त्यस्तै चौथो बुँदामा भने छानबिनको निष्कर्ष नआउँदै कसैलाई लाञ्छित नगर्न सर्वोच्चले सञ्चारमाध्यम तथा सम्बन्धित सबै पक्षलाई आग्रह गरेको छ। न्यायपालिका जनताको आस्था र विश्वासमा आधारित संस्था भएकाले समाचार प्रकाशन तथा प्रसारण गर्दा आमनागरिक र सेवाग्राहीमा भ्रम तथा नकारात्मक असर नपर्ने गरी जिम्मेवार हुनुपर्ने उसको भनाइ छ।

छानबिनको निष्कर्ष प्राप्त नहुँदै कसैलाई दोषी करार गर्ने वा न्याय सम्पादनको कार्यमा अवरोध पुग्ने गरी समाचार प्रकाशन तथा प्रसारण नगर्न आग्रह गरिएको छ । यही निर्णयले आरोप सार्वजनिक हुँदैमा सम्बन्धित न्यायाधीशले स्वतः इजलास छोड् नुपर्ने अवस्था नरहेको संकेत गरेको छ। नाम जोडिएका हरि फुयाँलसहितका न्यायाधीशले न्यायिक जिम्मेवारीबाट अलग हुनुपर्ने विषय उठिरहेका बेला फुल कोर्टले छानबिनको निष्कर्ष नआउँदासम्म नियमित न्याय सम्पादन जारी राख्ने धारणा अघि सारेको छ।

पछिल्लो विवादमा विवादास्पद बिचौलिया इनम सापकोटा पक्राउ परेपछि अदालतका मुद्दा प्रभावित पार्न न्यायाधीशहरूसँग कुराकानी गरिएको दाबी गरिएका केही ह्वाट्सएप सन्देश सार्वजनिक भएका छन् । ती सन्देशको स्वतन्त्र पुष्टि भने भइसकेको छैन । यसले प्रधानन्यायाधीश शर्मासहित केही न्यायाधीशको भूमिकामाथि प्रश्न उठाएको छ।


यसै प्रकरणलाई लिएर सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) भित्र प्रधानन्यायाधीश तथा सम्बन्धित न्यायाधीशमाथि महाभियोग लगाउने विषयसमेत चर्चामा छ। तर सार्वजनिक भएका सन्देश र आरोपको स्वतन्त्र पुष्टि नभइसकेको अवस्थामा महाभियोगको विषयमा तत्काल निष्कर्षमा पुग्न कठिन देखिएको छ।

त्यस्तै पाँचौं बुँदामा सर्वोच्चले न्यायिक कामलाई निरन्तरता दिन सबै अदालतका न्यायकर्मीलाई आग्रह गरेको छ। सार्वजनिक समाचारबाट विचलित नभई सदाझैं न्यायिक कार्यमा सक्रिय रहन सबै अदालतमा कार्यरत कर्मचारी तथा न्यायिक पदाधिकारीलाई आह्वान गरिएको छ।

सर्वोच्च अदालतका प्रवक्ता एवं सह-रजिस्ट्रार डा. अशोककुमार क्षेत्रीले जारी गरेको विज्ञप्तिमा २०८३ कात्तिक १६ गते बसेको पूर्ण बैठकको निर्णय सार्वजनिक गरिएको छ।

फुल कोर्टको निर्णयले एकातिर न्यायाधीशमाथि उठेका प्रश्नको निष्पक्ष छानबिन हुनुपर्ने आवश्यकता स्वीकार गरेको छ भने अर्कोतिर छानबिनको निष्कर्ष नआउँदै आरोपका आधारमा न्यायाधीशलाई न्यायिक जिम्मेवारीबाट अलग गर्न नहुने धारणा अघि सारेको छ। न्यायपालिकाको संस्थागत प्रतिष्ठा जोगाउने र उठेका प्रश्नको कानुनी निरूपण गर्ने जिम्मेवारी अब सम्बन्धित छानबिन निकायको निष्पक्षतामा निर्भर रहने कानुन व्यवसायीहरु बताउँछन्।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

अन्योलमा मधेश प्रदेश

देशमा इनम सापकोटाले ठूलो भूइचालो ल्याएको बेला मधेश प्रदेश अन्योलमा परेको छ । सत्ता साझेदार ठूलो दल नेकपा एमालेले सरकार छाडेर समर्थन समेत फिर्ता लिइसकेपछि प्रदेशमा नयाँ सरकारबारे अन्योल देखिएको छ। सरकार गठनको प्रमुख तीन विकल्प छ। प्रदेश सभाको सबै भन्दा ठूलो दल जनता समाजवादी पार्टी(जसपा) नेपालले संविधानको धारा १६८(३)बमोजिम सरकार बनाउने देखिएको छ । त्यो सरकारलाई एमाले र नेपाली कम्युनिष्ट पार्टी(नेकपा) र जनमत पार्टीले विश्वासको मत दिने छ । मुख्यमन्त्रीले विश्वासको मत पाएपछि एमाले, नेकपा र जनमत पार्टीसमेत सरकारमा सहभागी हुन सक्छ। दोस्रो विकल्प एमाले नेतृत्वको सरकारलाई जसपा नेपालले समर्थन गर्ने देखिन्छ। तर त्यसको सम्भावना न्यून छ। पुरानै सरकार अर्थात नेपाली कांग्रेसकै नेतृत्वमा एमाले र नेकपा सम्मिलित सरकार बनाउने हो । त्यसको सम्भावना पनि निकै कमजोर छ। जसपा नेपालको नेतृत्वमा सरकार बन्ने बलियो संकेत देखिएको छ। तर जसपा नेपालको संसदीय दलका नेता समेत रहेका पूर्वमुख्यमन्त्री सरोज कुमार यादव मुख्यमन्त्रीमा दोहरिने प्रबल सम्भावना छ । दलमा उनको पक्षमा बहुमत छ। उनले सरकारलाई राम्ररी सञ्चालन गर्न सक्छन् । एमाले पनि यादवको पक्षमा सकारात्मक छ । जसपा नेपालमा रहेका पूर्वमुख्यमन्त्रीहरु लालबाबु राउत र जितेन्द्र सोनल पनि दौडधुप गरिरहेका छन् । उनीहरुले मुख्यमन्त्रीमा दाबी गरे पनि संसदीय दलमा अल्पमतमा छन् । पार्टीका सभापति उपेन्द्र यादवले खुलेर नै यादवको विरोधमा लागे परिणाम फरक हुन सक्छ। तर त्यसले समग्रमा जसपा नेपाललाई ठूलो क्षति गर्ने निश्चित छ । जसपा नेपालका कयौं सांसदहरुले विद्रोह गर्न सक्ने सम्भावना छ। एमालेले पनि जसपा नेपालका अन्य नेतालाई मुख्यमन्त्रीमा समर्थन नगर्न सक्ने सम्भावना पनि छ। एमालेले जसपाका यादव बाहेकलाई समर्थन नगरे सरकार बनाउन मुश्किल हुन सक्छ । एमालेले कांग्रेसलाई समर्थन गर्ने अवस्था छैन । हुन त कांग्रेसको संस्थापन पक्षमा नै भारी गुटबन्दी छ । त्यसले पनि असर गर्नेछ । सरकार कसको बन्ने र कसले नेतृत्व गर्ने त्यो अझै प्रष्ट भइसकेको छैन । तिहार लगत्तै सरकार गठनको प्रक्रिया प्रारम्भ भइसक्ने छ। मधेश प्रदेशले सम्भवतः असोज २८ गते नयाँ मुख्यमन्त्री पाउने छ । तर त्यस भन्दा अगाडि मुख्यमन्त्री बन्नका लागि जसपा नेपालमा अध्यक्ष उपेन्द्र यादवलाई विश्वासमा लिने प्रयासमा सांसदहरु जुटेका छन् । आगामी चुनावसम्म रहने नयाँ सरकारको नेतृत्व प्रभावशाली व्यक्ति नभए मुख्यमन्त्री बनाउने दललाई क्षति हुन सक्छ । तर काबिल मुख्यमन्त्री भए चुनावमा दललाई फाइदा पुऱ्याउन सक्छ । प्रदेशमा सरकारको अन्योल २८ गते अगावै समाप्त हुने छैन। मधेश प्रदेशमा सरकार उथलपुथलले संघीयता पक्षधरहरु पनि निराश हुन थालेका छन् । प्रदेशको राजनीतिक अन्योलता चाँडो अन्त्य हुनुपर्छ ।

मधेशको सामाजिक परिवर्तनका लागि पर्यटन: एक उत्कृष्ट विकल्प



डा. दीपक चौधरी

मधेश प्रदेश प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक विविधताले भरिएको प्रदेश हो। जनकपुरको जानकी मन्दिरदेखि सप्तरीको छिन्नमस्ता, धनुषाको धनुषाधाम, महोत्तरीको जलेश्वर नाथ, सिरहाको सलहेश फूलबारी, पर्साको वीरगञ्ज आसपासका क्षेत्र तथा कोशी टप्पु वन्यजन्तु आरक्ष जस्ता पर्यटकीय सम्भावना बोकेको ठाउँ क्षेत्र हुँदाहुँदै पनि पर्यटनलाई मधेश प्रदेशको आर्थिक तथा सामाजिक रूपान्तरणको प्रमुख आधार बनाउन सकिएको छैन। पर्यटनलाई केवल धार्मिक भ्रमण वा मनोरञ्जनको विषय मात्र नभई रोजगारी, उद्यमशीलता, सांस्कृतिक संरक्षण र सामाजिक परिवर्तनको माध्यमका रूपमा विकास गर्न अति आवश्यक छ।

मधेशको सबैभन्दा ठूलो शक्ति यसको सांस्कृतिक पक्ष नै हो। मिथिला संस्कृति, मैथिली भाषा, लोककला, चित्रकला, पर्व, परम्परा, खानपान र धार्मिक सम्पदा यहाँका विशिष्ट धरोहरहरु हुन। जनकपुरधाम यसका लागि सबैभन्दा महत्वपूर्ण केन्द्र हो। जानकी मन्दिर, विवाहमण्डप, धनुषसागर, गंगासागर तथा मिथिला संस्कृतिसँग सम्बन्धित अन्य स्थललाई व्यवस्थित रूपमा जोड्न सके धार्मिक तथा सांस्कृतिक पर्यटनको ठूलो बजार सिर्जना गर्न सकिन्छ।

तुलनात्मक तथ्यांगले सामाजिकआर्थिक विकासमा मधेश पछि परेको देखिन्छ। उदारहणकोलागि नेपाल जीवनस्तर सर्वेक्षण २०२२/२३ अनुसार मधेशको गरिबी दर २२.५३ प्रतिशत छ, यो राष्टिय औसत भन्दा बढी हो। बुझ्नु पर्ने कुरा के भने पर्यटनको प्रभाव केवल होटल र यातायात व्यवसायमा सीमित रहँदैन। पर्यटकको आगमनले स्थानीय कृषि, हस्तकला, घरेलु उद्योग, यातायात, होटल, रेस्टुरेन्ट, गाइड, डिजिटल सेवा तथा स्थानीय उत्पादनको बजारलाई विस्तारित गर्दछ। यसले स्थानीय स्तरमा रोजगारी र आम्दानी बढाउछ। विशेषगरी युवा र महिलालाई पर्यटनसँग जोड्न सके वैदेशिक रोजगारीमा जाने दबाब केही हदसम्म कम गर्न सकिन्छ।

यस अर्थमा पर्यटनलाई मधेशको विकासको ' बहुगुणक क्षेत्र'का रूपमा लिन सकिन्छ। नेपालमा सन् २०२५ मा करिब ११ लाख पर्यटक भित्रिएको र प्रतिपर्यटक औसत दैनिक खर्च ३३.०९ अमेरिकी डलर रहेको सन्दर्भलाई मानेर हेर्ने हो भने, करिब ५ लाख पर्यटकले मधेशमा औसत ३ दिन मात्र बिताएमा वार्षिक करिब ७५० करोड हाराहारी रुपैयाँ पर्यटनबाट सिर्जना हुने र यसका कारण प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा करिब ४० हजार रोजगारी अवसर सिर्जना हुन सक्ने अनुमान गर्न सकिन्छ। यसले होटेल खर्च बाहेक किसान, चालक, हस्तकर्मी, कलाकार, पसले र साना उद्यमीसम्म आर्थिक गतिविधि विस्तार गर्न सक्छ।

मधेशको एतिहासिकता हेर्दा धार्मिक पर्यटन महत्वपूर्ण आधार बन्न सक्छ। यहाँ सनातन, हिन्दु, बौद्द, जैन, किराँती तथा अन्य विचारहरु फलेफुलेको इतिहास छ । तसर्थ अध्ययन अनुसन्धानको दृश्टिकोणले पनि महत्वपूर्ण छ । भारत संगको खुला सीमा र सांस्कृतिक सम्बन्ध मधेशका लागि अवसर हो। भारतका उत्तर प्रदेश, बिहार तथा अन्य राज्यबाट धार्मिक तथा प्राकृतिक पर्यटकलाई आकर्षित गर्न सकिने सम्भावना ठूलो छ। जनकपुरधामलाई अयोध्या, काशी, गया, बोधगया तथा अन्य धार्मिक गन्तव्यसँग जोडेर 'रामायण सर्किट' र 'मिथिला सांस्कृतिक सर्किट' लाई प्रभावकारी बनाउन सकिन्छ। बौद्द देशका मानिसहरु विशेषगरि पूर्वी एशियाका मानिसहरु पनि यहाँ आउने सम्भावना रहेको छ । त्यसैगरि मधेशको पर्यटनलाई पहाडसँग पनि जोडन आवश्यक छ, यसले पर्यटकको बसाई अवधि लम्बाउन सघाउँने छ ।



तर धार्मिक पर्यटनको विकासका लागि केवल मन्दिरको प्रचार पर्याप्त हुँदैन। सडक, सरसफाइ, खानेपानी, सार्वजनिक शौचालय, पार्किङ, सुरक्षा, सूचना केन्द्र, डिजिटल सूचना प्रणाली, पर्यटक गाइड तथा गुणस्तरीय होटल आवश्यक हुन्छन्। पर्यटकलाई एक रात पनि बसाल्न नसक्ने पर्यटनले स्थानीय अर्थतन्त्रमा अपेक्षित प्रभाव पार्न सक्दैन।

मिथिला चित्रकला, हस्तकला, स्थानीय परिकार, होमस्टे, सांस्कृतिक प्रस्तुति तथा साना पर्यटन व्यवसायमा महिलाको सहभागिताले महिलाको आर्थिक सशक्तीकरणलाई बढाउन सक्छ। महिलाले आफ्नै आम्दानी गर्न थालेपछि परिवारभित्र निर्णय गर्ने क्षमता, आत्मविश्वास र सामाजिक हैसियत बढ्छ। त्यस्तै, युवालाई स्थानीय पर्यटक गाइड, डिजिटल मार्केटिङ, फोटोग्राफी, होटल व्यवस्थापन, यातायात तथा साहसिक पर्यटनसँग सम्बन्धित सीप प्रदान गर्न सकिन्छ। यसले पर्यटनलाई रोजगारीसँग प्रत्यक्ष जोड्छ।

मधेश घुम्न मात्र होइन, मधेश अनुभव गर्न आउनुहोस् भन्ने नारा आवश्यक छ। मधेशको पर्यटन प्रवर्द्धन मिथिला कला सिक्ने, स्थानीय खाना खाने, गाउँमा बस्ने, धार्मिक तथा सांस्कृतिक गतिविधिमा सहभागी हुने र स्थानीय समुदायसँग प्रत्यक्ष अनुभव गर्ने पर्यटन विकास गर्न सकिन्छ। यसका लागि एउटा एकीकृत 'मिथिला सांस्कृतिक तथा पर्यावरणीय-आध्यात्मिक करिडोर' विकास गर्न सकिन्छ। जनकपुरलाई केन्द्र बनाएर धार्मिक, सांस्कृतिक, कृषि, ग्रामीण तथा पर्यावरणीय गन्तव्यलाई एउटै पर्यटन सञ्जालमा जोड्न सकिन्छ।

पर्यटन विकासको लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रबीच सहकार्य आवश्यक छ। स्थानीय तहले पर्यटन गन्तव्य पहिचान गरी पूर्वाधार निर्माण गर्नुपर्छ। प्रदेश सरकारले पर्यटन सर्किट, ब्रान्डिङ, प्रचार-प्रसार, सीप विकास र लगानी सहजीकरणमा नेतृत्व लिनुपर्छ। निजी क्षेत्रले होटल, यातायात, मनोरञ्जन तथा अन्य पर्यटन सेवामा लगानी गर्नुपर्छ। त्यसैगरि संघीय सरकारले सकारात्मक नीति र बजेट तथा इमिग्रेसन सम्बन्धी सुविधा प्रदान गर्न सक्नु पर्छ । यससँगै पर्यटन विकास दिगो र वातावरणमैत्री हुनुपर्छ। फोहोर व्यवस्थापन, जलस्रोत संरक्षण, हरित पूर्वाधार र सांस्कृतिक सम्पदाको संरक्षणलाई पर्यटन विकासकै अभिन्न अंग बनाउनुपर्छ। त्यसैगरी आम मानिस तथा स्थानीय मिडिया पर्यटन मैत्रीय हुन पनि नितान्त आवश्यक छ ।

मधेशको सामाजिक परिवर्तनका लागि पर्यटन वास्तवमै उत्कृष्ट विकल्प बन्न सक्छ। यहाँको कृषि र उद्योगसँग पूरक विकासको रुपलाई पर्यटनलाई बनाउन सके यसले मधेशको स्थानीय विकासमा महत्वपूर्ण योगदान दिन सक्ने देखिन्छ। यसले रोजगारी सिर्जना गर्न, स्थानीय उत्पादनको बजार विस्तार गर्न, महिला तथा युवालाई आर्थिक रूपमा सशक्त बनाउन, सांस्कृतिक पहिचान संरक्षण गर्न र स्थानीय सरकारको आम्दानी बढाउन सहयोग गर्न सक्छ।

मधेशसँग सम्पदा छ, संस्कृति छ, इतिहास छ र ठूलो बजार पनि छ। अब आवश्यकता ती सम्भावनालाई जोड्ने प्रभावकारी नेतृत्व, पूर्वाधार, लगानी र व्यवस्थापनको हो। यदि जनकपुरलाई केन्द्र बनाएर हुलाकी रोड र महेन्द्र लोकमार्ग चक्रीय रुट बनाएर त्यहाँ रहेको एतिहासिक क्षेत्रहरुलाई राम्ररी जोडन सकियो भने मधेशमा पर्यटनले राम्रो गति लिन सक्छ । मधेशको पर्यटन केवल पर्यटक भित्र्याउने माध्यम मात्र होइन कि यो रोजगारी, उद्यमशीलता, सामाजिक समावेशीकरण र दिगो विकासको शक्तिशाली आधार बन्न सक्छ।

अग्निपरीक्षामा न्यायालय खरो उत्रोस्



शंकर भण्डारी

प्रधानमन्त्रीको दबाबसमेत अस्वीकार गर्न सक्ने सर्वोच्च अदालतका न्यायाधीशहरू एउटा बिचौलियालाई भेट्न आफैं होटलसम्म पुग्नुपर्ने अवस्था कसरी आयो ? आखिर त्यस्तो के शक्ति, प्रभाव वा दबाब थियो, जसका अगाडि न्यायमूर्तिहरू नै होटलको ढोकासम्म पुग्नुभयो ? यो प्रश्नले अहिले न्यायालयको गरिमा र न्यायिक निष्पक्षतामाथि गम्भीर प्रश्न खडा गरेको छ।

सर्वोच्च अदालतका केही न्यायाधीशहरू एउटा विवादास्पद व्यक्तिलाई होटलमा भेट्न पुगेको घटनाले न्यायिक वृत्तमा तरङ्ग पैदा गरेको छ । सम्बन्धित न्यायाधीशहरूले भेट भएको स्वीकार गर्दै विभिन्न दबाब र परिस्थितिको प्रसङ्ग उठाएका छन्। तर दबाब थियो भन्ने स्पष्टीकरणले मात्रै यो घटनाको नैतिक र संस्थागत प्रश्न समाप्त हुँदैन । बरु प्रश्न उठ्छ- दबाब थियो भने त्यसको सामना गर्ने कानुनी र संस्थागत बाटाहरू हुँदाहुँदै होटलमा पुगेर बिचौलियासँग भेट्नुपर्ने बाध्यता किन आइलाग्यो ?

न्यायाधीशहरू सामान्य सार्वजनिक पदमा बसेका व्यक्ति होइनन् । उनीहरू संविधान, कानुन र न्यायिक स्वतन्त्रताका संरक्षक हुन् । प्रधानमन्त्री, मन्त्री, राजनीतिक दलका नेता वा शक्तिशाली व्यापारी कसैले पनि उनीहरूलाई आफ्नो स्वार्थअनुसार निर्णय गर्न दबाब दिन पाउँदैन । त्यसो भए एउटा बिचौलियाको प्रभाव यति शक्तिशाली कसरी भयो कि सर्वोच्च अदालतका न्यायाधीशहरू नै उसलाई भेट्न होटलसम्म पुग्नुभयो ?

यदि अनुचित दबाब दिइएको थियो भने प्रधानन्यायाधीशलाई जानकारी गराउने, सम्बन्धित निकायमा उजुरी गर्ने वा आवश्यक सुरक्षा माग्ने विकल्प थिएनन् ? न्यायिक स्वतन्त्रताको संरक्षणका लागि स्थापित व्यवस्थाहरू हुँदाहुँदै विवादास्पद व्यक्तिसँगको भेट नै किन रोजियो ? यसको चित्तबुझ्दो जवाफ सम्बन्धित न्यायाधीशहरूले दिनुपर्छ।



होटलमा भेट भएको तथ्यले मात्रै घुस, आर्थिक लेनदेन वा अनुचित प्रभाव स्वीकार गरिएको प्रमाणित गर्दैन। कसैलाई प्रमाणबिना भ्रष्टाचारी घोषणा गर्नु अन्याय हुन्छ। तर सम्भावित आर्थिक चलखेल र अनुचित प्रभावको आशङ्का उठिसकेपछि यसलाई सामान्य भेटघाट भनेर पन्छाउन पनि मिल्दैन। भेटको उद्देश्य, पहल कसले गरेको थियो, छलफलको विषय के थियो र कुनै मुद्दा वा आर्थिक स्वार्थसँग त्यसको सम्बन्ध थियो कि थिएन भन्ने विषयमा निष्पक्ष छानबिन हुनुपर्छ । यदि कसैले न्यायिक निर्णय प्रभावित पार्न खोजेको थियो भने बिचौलियालाई पनि कानुनी कारबाहीको दायरामा ल्याउनुपर्छ । कुनै न्यायाधीशले अनुचित प्रभाव स्वीकार गरेको वा आर्थिक लाभ लिएको प्रमाण भेटिए पद र प्रतिष्ठाका आधारमा उन्मुक्ति दिन मिल्दैन । न्यायाधीशमाथि दबाब परेको रहेछ भने त्यसको पनि स्वतन्त्र अनुसन्धान हुनुपर्छ।

न्यायालय गरिब, दुःखी र अन्यायमा परेका नागरिकको अन्तिम आशा हो । पैसा र पहुँच हुनेले न्याय प्रभावित पार्न सक्छन् तर सामान्य नागरिकले वर्षौंसम्म न्यायको प्रतीक्षा गर्नुपर्छ भन्ने धारणा स्थापित भयो भने न्यायप्रतिको जनआस्था कमजोर हुन्छ । त्यसैले यस घटनालाई केही न्यायाधीशको व्यक्तिगत प्रतिष्ठाको विषय मात्र नभई समग्र न्यायिक संस्थाको विश्वसनीयतासँग जोडेर हेरिनुपर्छ।

सर्वोच्च अदालतले घटनाको स्वतन्त्र, निष्पक्ष र पारदर्शी छानबिन गराउनुपर्छ। दोषी देखिए कारबाही गर्नुपर्छ र कुनै अनुचित काम नभएको प्रमाणित भए त्यसको आधार पनि जनतासामु स्पष्ट पार्नुपर्छ । न्यायालयको प्रतिष्ठा जोगाउने नाममा प्रश्न दबाउनु होइन, सत्य सार्वजनिक गर्नु नै यसको गरिमा जोगाउने सही बाटो हो ।

अन्ततः प्रश्न उही हो- प्रधानमन्त्रीको दबाब अस्वीकार गर्न सक्ने न्यायाधीशहरू एउटा बिचौलियासँगको भेट अस्वीकार गर्न किन सक्नुभएन ?

श्रीमान्ज्यूहरू, हाम्रो सम्मान आफ्नो आचरणबाट कायम राख्नुहोस्। तपाईंहरूको जिम्मेवारी बिचौलियाको ढोकामा पुग्नु होइन, न्यायालयलाई बिचौलियाको प्रभावबाट मुक्त राख्नु हो। यो न्यायालयको अग्निपरीक्षाको समय हो । यस परीक्षामा न्यायालय खरो उत्रोस् ।

ज्योतिष-मार्गदर्शन



प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : संगठनको बलमा उतेजना बढ्ने भएकाले शान्त बन्नुपर्नेछ ।
वृष : सोचेको काम नबन्दा मन उदास हुनेछ।
मिथुन : सामाजिकक्षेत्रमातपाईकोप्रशंसाहुनेछ।
कर्कट : तपाईले आफ्नो सोचेको मान्छे फरक कित्तामा पुग्ने जोखिम रहेको छ ।
सिंह : अध्ययनमा रुचि बढ्नेछ। धन आर्जन गर्ने नयाँ योजना बन्ने छन् ।
कन्या : आफ्नो व्यवसायबाट राम्रो आम्दानी जुट्नेछ ।
तुला : तपाईका कार्ययोजना सफल बन्नेछन् । शिक्षामा सफलता मिल्नेछ ।
वृश्चिक : धनलक्ष्मी योग परेको छ। पुरानो लगानी र गुम्न लागेको रकम प्राप्त हुनेछ ।
धनु : तपाईका गलत काम लुक्नेछन् । लगानीका स्रोत राम्रा छन् ।
मकर : बढी खर्च गर्ने बानीले परिवारमा विवाद बढ्नेछ ।
कुम्भ: आफ्नै कारणले शत्रु बढ्नेछन् । बोल्नु अगाडि सोच्नु राम्रो हुनेछ ।
मीन: अप्रिय समाचारले मन अशान्त बन्नेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९,४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

कार्तिक १६ सम्म सात हजार ६८८ विपद्का घटना



काठमाण्डु । चालु वर्षको वैशाख १ गतेदेखि आज कात्तिक १६ गतेसम्म देशभर सात हजार ६८८ वटा विपद् का घटना भएका छन् ।

उक्त घटनामा परी ४०२ जनाको मृत्यु भएको छ भने १७ जना अझै बेपत्ता छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सर्पदंश, पहिरो, बाढी, चट् याङ, आगलागी, लेक लाग्ने, जनावरको आक्रमण, हिउँपहिरो, हावाहुरी, भारी वर्षा, डुङ्गा पल्टिने, वन डढेलो, विस्फोटन, असिना र भूकम्पलगायतका विपद्का घटना भएका हुन् ।

प्राधिकरणका प्रवक्ता रामबहादुर केसीका अनुसार उक्त अवधिमा पहिरोबाट एक हजार ७३५, सर्पदंशका एक हजार ६६८, आगलागीका एक हजार ६४१, भारी वर्षाका ५९३, हावाहुरीका ५३७, बाढीका ४६६, जनावरको आक्रमणका ४१७ र चट् याङका ३३३ घटना भएका छन् ।

सैगरी, वन डढेलोका १९२, लेक लाग्नेका ७९, हिउँपहिरोका छ, भूकम्पका नौ, असिनाका चार, डुङ्गा पल्टिनेका दुई, विस्फोटनको एक र अन्य पाँच घटना भएका छन् ।

विपद्का घटनामा परी सर्पदंशबाट ११६, पहिरोबाट ७७, बाढीबाट ४१, चट्याङबाट ३६, आगलागीबाट ३२, लेक लागेर २७, जनावरको आक्रमणबाट २३, हिउँपहिरोबाट १९, हावाहुरीबाट १६, भारी वर्षाबाट सात, डुङ्गा पल्टिएर पाँच, वन डढेलोबाट एक, विस्फोटनबाट एक र अन्य घटनामा पाँच जनाको मृत्यु भएको छ ।

विपद्का घटनामा परी हालसम्म दुई हजार ५२ ९ जना घाइते भएका छन् भने नौ हजार ८५७ परिवार विस्थापित भएका प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ ।

भदौ १० गतेको रसुवाको भोटेकोशीको बाढीको बिस्तृत क्षति विवरण प्रणालीमा समाविष्ट गर्न बाँकी रहेकाले यो तथ्याङ्कमा उल्लेख नगरिएको प्राधिकरणले जनाएको छ । रासस

‘हिमाली सुनामी’ पछि प्राथमिकतामा, जलवायु न्याय र हिमाली जोखिमका मुद्दा



काठमाण्डु । संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि(युएनएफसीसीसी) का पक्ष राष्ट्रको ३१औँ सम्मेलन (कोप-३१) यही कात्तिक २३ देखि आगामी मङ्सिर ४ गतेसम्म हुँदैछ ।

सम्मेलनको मुख्य आयोजक राष्ट्र टर्कीएमा सम्मेलनका सबै कार्यक्रम हुनेछन् । सहआयोजक राष्ट्र अष्ट्रेलियाले भने सम्मेलनका अन्तरसरकारी वार्ताको नेतृत्वका साथै वार्ताको अध्यक्षताको रूपमा जिम्मेवारी सम्हाल्नेछ । टर्कीएको अन्ताल्या सहरमा हुने सम्मेलनको मिति नजिकिदै गर्दा नेपालले पनि आफ्नो तयारीलाई अन्तिम रुप दिएको छ । कृषि, वन तथा पर्यावरण मन्त्रालयका अनुसार कोप-३१ मा नेपालबाट हुने सहभागिता र उठाइने विषय अन्तिम चरणमा पुगेको छ ।

नेपालले यस सम्मेलनमा परराष्ट्रमन्त्री शिशिर खनालको नेतृत्वमा सहभागिता जनाउने छ । त्यस्तै सम्मेलनमा पर्यावरण मन्त्री गिता चौधरीलगायत उच्चस्तरीय सहभागिता हुनेछ भने सम्मेलनको आवश्यक सबै तयारी पर्यावरण मन्त्रालयले गरेको छ । सम्मेलनको तयारी चलिरहेको अवस्थामा गत भदौ १० गते रसुवाको भोटेकोशीमा विनाशकारी बाढी (हिमाली सुनामी) आएको थियो । उक्त विपद्बाट भएको जनधनको क्षतिपछि नेपालले जलवायु न्याय र हिमाली जोखिमका विषयलाई उच्च प्राथमिकतामा राखेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार उक्त विपद्मा एक हजार ४५३ जनाको मृत्यु भएको छ भने पाँच हजारभन्दा बढी व्यक्ति अझै बेपत्ता छन् । त्यस्तै विपद्का कारण ७४८ मेगावाटभन्दा बढी क्षमताका जलविद्युत् आयोजनामा क्षति पुगेको प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले जानकारी दिनुभयो । त्यस्तै, ११८ भन्दा बढी दूरसञ्चार टावर, मितेरी पुल-बेत्रावती राष्ट्रिय राजमार्गको १०० किलोमिटरभन्दा बढी खण्ड तथा पृथ्वी राजमार्गका केही भागमा क्षति पुगेको छ । करिब १५ हजार घरपरिवार अर्थात् लगभग ६० हजार मानिस प्रत्यक्ष प्रभावित भएका उहाँले जानकारी दिनुभयो ।

पुनःनिर्माणका लागि करिब ४.७८ अर्ब अमेरिकी डलर आवश्यक

प्राधिकरणको प्रारम्भिक द्रुत मूल्याङ्कनअनुसार यस विपद्बाट भएको सम्पत्तिको क्षति दुई अर्ब ६८ करोड अमेरिकी डलर अनुमान गरिएको छ भने पुनर्निर्माण तथा पुनःस्थापनाका लागि करिब चार अर्ब ७८ करोड अमेरिकी डलर आवश्यक पर्ने देखिएको छ । यो रकम नेपालको कुल गार्हस्थ्य उत्पादनको करिब १० प्रतिशत बराबर हो ।

यही विपद्पछि नेपाल सरकारले युएनएफसीसीसी सचिवालयअन्तर्गतको हानि तथा नोक्सानी सम्बन्धी कोषलाई सहयोगका लागि पत्राचार गरेको थियो । उक्त कोषको असाधारण बैठकले केही दिनअघि मात्र नेपाललाई अस्थायी रूपमा दुई करोड १६ लाख अमेरिकी डलर अनुदान सहयोग गर्ने निर्णय गरेको थियो । त्यसपछिका दिनमा नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा जलवायु न्याय र हिमाली जोखिमका मुद्दालाई प्राथमिकताका साथ उजागर गर्दै आएको छ । यही कात्तिक १२ गते पर्यावरण मन्त्रालयले आयोजना गरेको राष्ट्रिय जलवायु सम्मेलनमा पनि सङ्घीय सरकारका मन्त्री एवं अन्य सरोकारवाला व्यक्तिले सोही विषयमा जोड दिनुभएको थियो ।

उक्त सम्मेलनमा परराष्ट्रमन्त्री शिशिर खनालले कोप-३१ मा नेपालले पर्वतीय एजेन्डा, जलवायुजन्य क्षति तथा नोक्सानी, जलवायु वित्त र जलवायु न्यायलाई प्राथमिकताका साथ उठाइने बताउनुभएको थियो । जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रको पारिस्थितिक प्रणाली थप जोखिमपूर्ण बन्दै गएको उल्लेख गर्दै उहाँ भन्नुभयो, “हिमालको संरक्षणलाई साझा विश्वव्यापी जिम्मेवारीका रूपमा लिनुपर्छ । हिमाली क्षेत्रको पारिस्थितिक स्थिरता हाम्रो सीमाभन्दा धेरै परसम्म रहेका लाखौँ मानिसको जल, खाद्य, ऊर्जा र आर्थिक सुरक्षासँग अभिन्न रूपमा जोडिएको छ । त्यसैले हाम्रा हिमालको संरक्षण गर्नु साझा विश्वव्यापी जिम्मेवारी हो ।”

मन्त्री खनालले हिमाली क्षेत्रका विशिष्ट समस्या र जोखिमलाई अन्तर्राष्ट्रिय जलवायु वार्तामा प्राथमिकताका साथ समेट् नुपर्ने बताउनुभयो । साथै उहाँले पेरिस सम्झौताले निर्धारण गरेको विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्ने लक्ष्य हिमाली मुलुकका लागि विशेष महत्त्वपूर्ण रहेको स्पष्ट पार्नुभयो । उहाँले हिमालय र प्रशान्त महासागर एउटै विश्वव्यापी पारिस्थितिक प्रणालीका परस्पर जोडिएका अङ्ग रहेको उल्लेख गर्दै हिमनदी पग्लिने प्रभाव नदी प्रणाली, कृषि क्षेत्र र तटीय समुदायसम्म पुग्ने बताउनुभयो ।

त्यसैगरी पर्यावरण मन्त्री चौधरीले आफूहरुले जलवायु परिवर्तनका क्षेत्रमा सहानुभूति नभई न्याय, एकता र कार्यान्वयन चाहेको बताउनुभयो । साथै उहाँले नेपालले महत्वाकांक्षी ‘एनडिसी ३.० ’ पेश गरिसकेको र नेपाल आफ्नो हिस्साको जिम्मेवारी निर्वाह गर्न तयार रहेको जानकारी गराउँदै अन्य राष्ट्रले पनि आफ्नो जिम्मेवारी लिनैपर्ने उल्लेख गर्नुभएको थियो । मन्त्री चौधरीले भन्नुभयो, “कोप-३१ मा नेपालको अडान स्पष्ट छ, जलवायु न्याय, पर्वतीय एजेन्डा, अनुकूलन वित्तमा सहज पहुँच, र हानि तथा नोक्सानी कोषको प्रभावकारी परिचालन, संकटमा ऐतिहासिक रूपमा बढी योगदान गर्ने र क्षमता भएका राष्ट्रले साझा तर क्षमता अनुसारको जिम्मेवारीको सिद्धान्तअनुसार नेतृत्व लिऊन् भन्ने हाम्रो अपेक्षा छ ।”

पर्वतीय विषयलाई छुट्टै एजेन्डा बनाउन प्रस्ताव

मन्त्री चौधरीले केही दिन अघिमात्र कोप-३१ मा पर्वतीय विषयलाई छुट्टै एजेन्डाका रूपमा अगाडि सार्दै औपचारिक प्रस्तुतिका लागि नेपाल र भुटानका तर्फबाट प्रस्ताव पठाउनुभएको थियो । दुई हिमाली राष्ट्रको साझा अनुभव र साझा स्वरले जलवायु न्यायको लडाइँमा पर्वतको आवाजलाई अझ बलियो बनाउनेछ । “हिमाल जोगाउनु केवल हाम्रो मात्र होइन, तल्लो तटीय क्षेत्रका अर्बौं मानिसको जीवन जोगाउनु हो” उहाँले भन्नुभयो ।

त्यस्तै पर्यावरण मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले हिमनदीहरू पग्लिँदै जानु, बाढी तथा पहिरोको आवृत्ति बढ्नु, वर्षाको ढाँचामा परिवर्तन आउनुले जलवायु परिवर्तन भविष्यमा आउन सक्ने सम्भावित समस्या नभई वर्तमान मै भोगिरहेको वास्तविकता हो भन्ने स्मरण गराएको बताउनुभयो । जलवायु परिवर्तनको समस्या सिर्जना गर्न सबैभन्दा कम योगदान गर्नेहरूलाई नै यसको सबैभन्दा ठूलो भार एक्लै बोक्न बाध्य पारिनु नहुने उहाँको भनाई थियो । उहाँले अन्तर्राष्ट्रिय सहकार्यलाई थप सुदृढ बनाउन, पूर्वानुमानयोग्य जलवायु वित्त उपलब्ध गराउन, प्रविधि हस्तान्तरण गर्न, क्षमता अभिवृद्धि गर्न तथा पर्वतीय पारिस्थितिकीय प्रणालीको जोखिमपूर्ण अवस्थालाई सार्थक रूपमा मान्यता दिन आह्वान गर्नुभयो ।

हिमालयको संरक्षण केवल नेपालको राष्ट्रिय सरोकारको विषय मात्र नभई यो क्षेत्रीय तथा विश्वव्यापी महत्वको विषय भएको उल्लेख गर्दै सचिव डा मिश्रले हिमालयमा हुने घटनाक्रमको प्रभाव हिमाली क्षेत्रभन्दा धेरै टाढासम्म पुग्ने बताउनुभयो ।

कोप-३१ मा नेपालको प्रमुख प्राथमिकता

कोप-३१ मा नेपालका तर्फबाट तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसभित्र सीमित राख्ने लक्ष्यलाई सम्भव बनाउने, तापक्रमको अधिक वृद्धिको परिमाण र अवधि न्यूनीकरण गर्ने, अनुकूलन तथा उत्थानशीलता सुदृढ गर्ने, क्षति तथा नोक्सानी सम्बोधन गर्ने, पूर्वानुमानयोग्य र सहज पहुँचयोग्य जलवायु वित्त सुनिश्चित गर्नेलगायतका विषय केन्द्रित हुनेछन् ।

सरकारले अनुकूलन तथा उत्थानशीलता, क्षति तथा नोक्सानी सम्बोधन, न्यूनीकरणको महत्वाकाङ्क्षा र कार्यान्वयन, जलवायु वित्त, जलवायु न्याय, लैङ्गिक समानता र मानवता, जलवायु विज्ञान, प्रविधि तथा नवप्रवर्तन द्विपक्षीय सम्बन्ध तथा जलवायु कूटनीति विषयलाई प्राथमिकताका साथ उठाउने तयारी भएको पर्यावरण मन्त्रालयका प्रवक्ता डा महेश्वर ढकालले बताउनुभयो ।

यसकारण छ कोप-३१ महत्वपूर्ण

जलवायु परिवर्तनजस्तो विश्वव्यापी समस्या समाधान गर्न राष्ट्रहरूबीचको सहकार्य अपरिहार्य छ । जलवायु वार्ताका कारण विश्वव्यापी तापक्रम वृद्धिको अनुमान पहिले चार डिग्री सेल्सियसभन्दा बढी रहेकोमा घटेर २.६ डिग्री सेल्सियसमा झरेको छ । तथापि, सबै मानिस तथा अर्थतन्त्रको संरक्षणका लागि अझ बढी र तीव्र गतिमा जलवायु कार्य गर्न आवश्यक छ ।

कोप-३१ जलवायु समाधानहरूको कार्यान्वयन तथा विश्वव्यापी ऊर्जा रूपान्तरणलाई अगाडि बढाउने विषयमा केन्द्रित हुनेछ । यस्तो ऊर्जा रूपान्तरणले आर्थिक वृद्धि, थप रोजगारी सिर्जना, खाद्य सुरक्षा, स्वास्थ्य तथा सुरक्षामा सुधार र सस्तो स्वच्छ ऊर्जाको उपलब्धता बढाउन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

कुनै एउटा कोप सम्मेलनले मात्र जलवायु सङ्कट समाधान गर्न सक्दैन । तर प्रत्येक सम्मेलनले अघिल्लो सम्मेलनका उपलब्धिलाई आधार बनाउँदै अगाडि बढ्ने र जलवायु कार्यमा महत्वपूर्ण कदम चाल्ने काम गर्दै आएको छ । कोप-३१ मा महासन्धिका सदस्य राष्ट्र अर्थात् पक्ष राष्ट्रहरूका विश्व नेताहरू तथा वार्ताकारहरू सहभागी हुनेछन् । उनीहरूले विश्वव्यापी जलवायु कार्यलाई अगाडि बढाउने विषयमा छलफल तथा वार्ता गर्नेछन् ।

यसका अतिरिक्त मान्यता प्राप्त पर्यवेक्षकका रूपमा व्यावसायिक क्षेत्रका नेतृत्वकर्ता, युवा, जलवायु वैज्ञानिक, आदिवासी जनजातिका प्रतिनिधि तथा नागरिक समाजका प्रतिनिधिहरू पनि सम्मेलनमा सहभागी हुनेछन् । उनीहरूले आफ्ना अनुभव, सुझाव तथा प्रभावकारी अभ्यासहरू प्रस्तुत गर्दै विश्वव्यापी, सामूहिक तथा समावेशी जलवायु कार्यलाई थप सुदृढ बनाउन योगदान पुऱ्याउनेछन् ।

यस सम्मेलनले विशेषगरी ब्राजिलको बेलेममा सम्पन्न कोप-३० ले तयार पारेका आधारमा टेकेर कोप-३१ ले संवादलाई अगाडि बढाउने, सहमति सुदृढ गर्ने र कार्यान्वयनलाई तीव्रता दिने लक्ष्य राखेको छ । त्यस्तै आयोजक देशका रूपमा टर्कीएले विश्वभरका पक्ष राष्ट्र तथा सरोकारवालासँग सहकार्य गर्दै विश्वव्यापी जलवायु एजेन्डामा रचनात्मक योगदान पुऱ्याउनेछ । टर्कीएले कोप-३१ आयोजना गर्नुको कारण देशको भौगोलिक अवस्थिति पनि हो । यसले युरोप, एसिया र मध्यपूर्वबीचको जलवायु कूटनीतिक सम्बन्धलाई जोड्छ ।

यस्तो छ सम्मेलनमा कार्यक्रमको तालिका

कोप-३१ को सम्मेलनलाई नोभेम्बर २ देखि ८ तारिखसम्म अधिवेशनपूर्वको अवधि भनी तोकिएको छ । यस अवधिमा खासगरी ‘स्थानीय समुदाय तथा आदिवासी जनजाति मञ्च (एलसिआइपिपी) को सहजीकरण कार्यसमूहको १६औँ बैठक, अतिकम विकसित राष्ट्रहरू (एलडिसिज) का समन्वय बैठक, अफ्रिकी समूह (एजिएन) का समन्वय बैठक, साना टापु राष्ट्रहरू (सिआइडिएस) का समन्वय बैठक तथा ‘जी-७७ तथा चीन’का समन्वय बैठकका कार्यक्रमहरु हुने तालिका छ ।

त्यसैगरी नोभेम्बर ९ देखि २० तारिखसम्म अधिवेशन अवधि तोकिएको छ । यस अवधिमा सम्मेलनका मुख्य कार्यक्रम हुने युएनएफसिसिसीको सचिवालयले जनाएको छ । नोभेम्बर ९ तारिखमा विहान सम्मेलनको उद्घाटन भएपछि विभिन्न कार्यक्रम, बैठक र वार्ताहरु चल्नेछन् ।

त्यस्तै नोभेम्बर ११ र १२ तारिखमा विश्व नेताहरुको शिखर सम्मेलनसँगै विभिन्न कार्यक्रम, बैठक र वार्ता निरन्तर जारी रहने तालिका सार्वजनिक गरेको छ । नोभेम्बर १४ सम्म सम्मेलनका कार्यक्रम निरन्तर रहने र नोभेम्बर १५ तारिख आइतबारको बिदाको दिन सम्मेलन केन्द्र बन्द हुनेछ । साथै सम्मेलनको पहिलो साता समाप्त हुने र नोभेम्बर १६ देखि दोस्रो साता प्रारम्भ हुनेछ ।

सम्मेलनको दोस्रो सातामा विभिन्न वार्ता, सन् २०३० पूर्वको जलवायु महत्वाकांक्षासम्बन्धी वार्षिक उच्चस्तरीय मन्त्रीस्तरीय गोलमेच छलफल, क्षमता अभिवृद्धि केन्द्र, उच्चस्तरीय सत्र, न्यायोचित रूपान्तरणसम्बन्धी उच्चस्तरीय मन्त्रीस्तरीय गोलमेच छलफल, लैङ्गिक समानता दिवससम्बन्धी उच्चस्तरीय कार्यक्रम, विश्वव्यापी जलवायु कार्यसम्बन्धी उच्चस्तरीय कार्यक्रमको आयोजना हुने र नोभेम्बर २० मा सम्मेलनको समापन गरिने तालिका रहेको छ ।

त्यस्तै कोप-३१ सम्मेलनकै दौरान क्योटो प्रोटोकलअन्तर्गत पक्षहरूको बैठकका रूपमा कार्य गर्ने पक्षहरूको सम्मेलनको एक्काइसौँ सत्र (सिएमपी २१), पेरिस सम्झौताअन्तर्गत पक्षहरूको बैठकका रूपमा कार्य गर्ने पक्षहरूको सम्मेलनको आठौँ सत्र (सिएमए ८), वैज्ञानिक तथा प्राविधिक सल्लाहका लागि सहायक निकायको पैँसट्ठीऔँ सत्र (एसबिएसटिए ६५) र कार्यान्वयनका लागि सहायक निकायको पैँसट्ठीऔँ सत्र (एसबिआइ ६५) समेत हुनेछन् । रासस

दियो र हुक्कापाती बेचेर तिहार खर्च जुटाइउँदै

सप्तरी । तिहार नजिकिएसँगै जिल्लाका विभिन्न गाउँका कुमाले महिला दियो र हुक्कापाती बेचेर खर्च जुटाउने प्रयास गरिरहेका छन् । ती कुमाले महिला दीपावली अर्थात् लक्ष्मी पूजामा बाल्न राजविराज क्षेत्रका घरघर पुगेर आफ्ना उत्पादन दियो र हुक्कापाती बिक्री गर्ने कार्यमा व्यस्त रहेको पाइएको छ ।

ती समुदायका विपन्न महिला दीपावलीको खर्च जुटाउन घरघर गएर हुक्कापाती बिक्री गरिरहेका राजविराज नगरपालिका-११ कविता यादवले बताउनुभयो । उनीहरुले तिहार आउनु केही समयअघि देखि नै हुक्कापाती दियो बनाउने अनि त्यसबाट प्राप्त रकमबाट तिहारको खर्च जुटाउने विगतदेखिकै अभ्यास रहेको उहाँले बताउनुभयो ।

मजदुरी गरी परिवार पाल्दै आएकाले ती समुदायका महिलाले चाडबाडमा खर्च जुटाउन हुक्कापातीलाई आयआर्जन प्रमुख माध्यम बनाइरहेको देखिन्छ । दुई हजारको सामानबाट हुक्कापाती बनाएर बिक्री गर्दा रु



१५ हजारसम्म सकिने उहाँहरुको भनाइ छ ।

कुमाले समुदायले दियो र हुक्कापाती बनाएर घरघरमा पुऱ्याएपछि सहरका उपभोक्तालाई त्यसका लागि आवश्यक सामाग्री जुटाएर तयार पार्ने समस्या र बाध्यता हटेको छ । हुक्कापातीका लागि सन्ठी, खर र सनपाट घरमा ल्याएर घण्टौं लगाएर बनाउने गरिन्छ ।

विगतमा घरघरमा बनाइने हुक्कापाती अहिले विशेषगरी सहरी भेगमा किनेर प्रयोग गर्न थालेको राजविराज नगरपालिका-७ का उर्मिला देवले बताउनुभयो । उहाँले भन्नुभयो, “पहिले बजारमा बनाएको हुक्कापाती किन्न पाइँदैनथ्यो । सन्ठी, खर र सनपाट किनेर ल्याएर घरघरमा बनाइने चलन थियो । तर, अहिले सहरी क्षेत्रमा हुक्कापाती बनाउने चलन हराउँदै गएको छ । हाल किनेर प्रयोग गर्ने परम्परा बढेको छ ।”

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका तोपाकी रूकमिणी यादवलाई एक हप्ता यता हुक्कापाती बनाउन भ्याइनभ्याई छ । घरको काम सकेर दिनहुँ बनाएको हुक्कापाती बेचेर तिहारमा रु १५ देखि २० हजार आम्दानी गर्दै आएको छ । उहाँले भन्नुभयो, “जति लक्ष्मीपूजा नजिकिँदै जान्छ त्यति बिक्री हुने गरेको छ । दिनको ३०० देखि ५०० हुक्कापाती बिक्री हुँदै आएको छ । रु १० देखि २० प्रतिहुक्कापाती बेच्दै आएकी छु ।” उहाँले प्रत्येक वर्ष एक महिना उक्त काम गर्दै आउनुभएको छ ।

लक्ष्मी पूजाको दिन पूजा हुनुअघि घरमाथि, तुल्सामोठ, कुलदेवताको कोठा तथा मन्दिरमा मधेसमा हुक्कापाती राख्ने चलन छ । लक्ष्मीपूजा सकिएसँगै प्रत्येक घरपरिवारमा हुक्कापाती अनिवार्य खेल्ने परम्परा छ । त्यस कार्यले कुल पितृ उज्यालो मार्गमार्फत स्वर्गमा जान्छन् भन्ने जनविश्वास छ ।

त्यस्तै सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाकी कविता पण्डित यतिबेला माटोको दियो बनाउने कार्यमा व्यस्त हुनुहुन्छ । घरको काम सकेर दियो बनाउने अनि घरघरमा गएर दियो बेच्दै आउनुभएको उहाँले बताउनुभयो । तराई मधेसमा माटो भाँडाको तिहारदेखि छठभित्र राम्रो बिक्री हुने गरेको छ ।

उहाँ प्रत्येक दिन दुई हजारको संख्यामा दियो बोकेर बजार जाने र प्रतिदियो रु दुईमा बेच्दै आउनुभएको छ । श्रीमती पण्डितले यस याममा रु २० देखि ४० हजारसम्म कमाइ गर्दै आउनुभएको छ । रासस

चीनमा शृखङ्ला खेल्ने नेपाली क्रिकेट टोलीको बिदाइ



काठमाण्डु । चीनमा हुने ‘बेल्ट एन्ड रोड यु-१९ सिरिज’ मा सहभागी हुन जाने नेपाली महिला क्रिकेट टोलीको बिदाइ गरिएको छ । नेपाल क्रिकेट सङ्घ (क्यान)द्वारा आज यहाँ आयोजित कार्यक्रममा उक्त टोलीलाई बिदाइ गरेको हो ।

त्यस अवसरमा क्यानका उपाध्यक्ष रोशन सिंहले आगामी वर्ष हुने आइसिसी यु-१९ महिला विश्वकपको तयारीस्वरूप नेपाली टोलीले चीनमा सिरिज खेल्न लागेको जानकारी दिनुभयो । खेलाडीले पर्याप्त अभ्यासको अवसर पाएकाले प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने विश्वास व्यक्त गर्दै उहाँले खेलाडीलाई परिपक्व खेल प्रदर्शन गर्न सुझाव दिनुभयो ।

टोलीका मुख्य प्रशिक्षक महेशप्रसाद रिजाललेे चीन भ्रमण खेलाडीका कमजोरी सुधार्ने र अनुभव हासिल गर्ने महत्वपूर्ण अवसर भएको बताउनुभयो । उक्त सिरिजले टोलीको समग्र क्षमता मूल्याङ्कन गर्दै आगामी प्रतियोगिताका लागि बलियो टोली निर्माण गर्न पनि सहयोग पुग्ने उहाँको भनाइ थियो ।

टोलीकी कप्तान सोनी पाख्रिनले उक्त प्रतियोगिताका लागि आफूहरू पूर्ण तयारी रहेकाले राम्रो प्रदर्शन गर्ने विश्वास व्यक्त गर्नुभयो ।

क्यानका अनुसार ‘बेल्ट एन्ड रोड सिरिज’ भोलिदेखि यही कात्तिक २२ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा नेपालसहित आयोजक चीन, हङकङ र थाइल्याण्डको सहभागिता रहनेछ । नेपालले प्रतियोगितामा तीनवटै टोलीसँग प्रतिस्पर्धा गर्नेछ । रासस

बहुजन समाज पार्टीको अध्यक्षमा महरा

टुडे समाचारदाता

जनकपुरधाम । बहुजन समाज पार्टी नेपालको नयाँ केन्द्रिय कार्यसमिति गंगा प्रसाद महराको नेतृत्वमा सर्वसहमतिबाट चयन भएको छ ।

कार्यसमितिको सदस्यहरुमा भागनारायण महरा, सीताराम महरा, रामईश्वर महरा, रञ्जित महरा, विकाउ महरा, दौलतियादेवी महरा, संगीता कुमारी महरा, सुनौनादेवी महरा,



निर्मला महरा, राजकुमार महरा, सुर्यनारायण राम, तिर्थोदेवी श्रेष्ठ, सोमनी खातुन र मनतोरियादेवी मोची रहेका छन् ।

जनकपुरधाममा सम्पन्न कात्तिक १४ र १५ गते दुई दिने तेश्रो महाधिवेशनबाट महराको नेतृत्वमा नयाँ कार्यसमिति गठन गरिएको हो । नव गठित कार्यसमितिको महासचिवमा अमरलाल राम, सचिवमा विशेश्वर सदाय चयन भएका हुन ।

कार्यसमितिको उपाध्यक्ष र कोषाध्यक्ष चयनित सदस्यमध्येबाट समाजको बस्ने बैठकबाट चयन गरिने अध्यक्ष महराले जानकारी दिएका छन् ।

होटल तथा रेष्टररेन्टलाई मापदण्ड पालना गर्न निर्देशन



टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधामस्थित मिठाई पसल, होटल, रेस्टुरेन्ट तथा खाजाघर सञ्चालकले अब खाद्य स्वच्छता र गुणस्तरसम्बन्धी मापदण्ड अनिवार्य रूपमा पालना गर्न निर्देशन दिइएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामले खाद्य व्यवसायीलाई कानुनी व्यवस्थाअनुसार आवश्यक विवरण सार्वजनिक गर्न निर्देशन दिएको हो ।

सोमबार जनकपुरधाम उद्योग वाणिज्य संघमा खाद्य व्यवसायीसँग अन्तरक्रिया गर्दै खाद्य पदार्थको गुणस्तर, स्वच्छता र उपभोक्ताको सूचनाको अधिकार सुनिश्चित गर्न कार्यालयले यस्तो निर्देशन दिएको हो ।

नयाँ व्यवस्था अनुसार मिठाई बिक्री गर्ने व्यवसायीले बिक्रीका लागि राखिएका प्रत्येक प्रकारका मिठाईको नाम, मुख्य मिश्रण, प्रयोग गरिएको तेल वा घिउको प्रकार, उपभोग गरिसक्नुपर्ने मिति र प्रतिकिलो मूल्य स्पष्ट रूपमा सार्वजनिक गर्नुपर्नेछ । यी विवरण ग्राहकले सहजै देख्न सक्ने गरी मिठाई राख्ने सोकेस वा काउन्टरमा राख्नुपर्ने कार्यालयले जनाएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सूचनाअनुसार खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ३५ बमोजिम उक्त व्यवस्था कार्यान्वयन गर्न लागिएको हो । तोकिएको मापदण्ड पालना नगर्ने व्यवसायीलाई कानुनी कारबाही गरिने चेतावनीसमेत कार्यालयले दिएको छ ।

खाद्य निरीक्षण अधिकारी प्रविणकुमार तिवारीका अनुसार विभागले असोज ३० गते पठाएको सूचनाका आधारमा कात्तिक ११ गतेदेखि नै व्यवसायीलाई आवश्यक विवरण सार्वजनिक गर्न निर्देशन दिइएको छ ।

उनका अनुसार जनकपुरधामका माँ जानकी डेरी, लड्डु गोपाल ट्रेडर्स, नन्दनी डेरी उद्योग, हंसराज मिठाई पसल, लक्ष्मी मिष्ठान भण्डार, रघुपति मिष्ठान भण्डार, श्रीराम लस्सी र गोपाल डेरी उद्योगलगायतका व्यवसायले विवरण सार्वजनिक गर्न थालिसकेका छन् ।

अन्तरिक्रयामा जनकपुरधामका साना तथा ठूला मिठाई पसल, खाजाघर र रेस्टुरेन्ट सञ्चालकलाई सहभागी गराउँदै खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी मापदण्ड प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गरिएको तिवारीले जानकारी दिए ।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी भट्टराई प्रमुख अतिथि तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख विमलकुमार दाहाल अध्यक्ष थिए । जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीसहित विभिन्न सरोकारवाला निकायका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

कार्यक्रममा खाद्य निरीक्षण अधिकृत प्रदीप संग्रौलाले खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी व्यवस्थाबारे व्यवसायीलाई जानकारी गराएका थिए ।

करोडौं लगानीको मिथिला पेन्टिङ्गलाई बेवास्ता

"मिथिला चित्रकला जनकपुरधामको सांस्कृतिक पहिचान र पर्यटकीय आकर्षणको महत्वपूर्ण हिस्सा हो । यही पहिचानलाई जीवन्त राख्न सार्वजनिक स्थलका पर्खालहरुमा स्थानीय कला र संस्कृति झल्किने चित्रहरु बनाइए पनि तिनको संरक्षण, सरसफाइ र व्यवस्थापनमा सम्बन्धित निकायको ध्यान पुगेको देखिँदैन ।"



टुडे समाचारदाता

जनकपुरधाम । मिथिला चित्रकलाको संरक्षण तथा प्रवर्द्धनका लागि विभिन्न अभियान सञ्चालन भइरहे पनि जनकपुरधाममा यसको संरक्षणप्रति सरोकारवाला निकाय बेवास्ता गरिरहेको देखिन थालेको छ ।

जनकपुरधामस्थित अंगराजसर पोखरी अगाडि जानकी प्रहरी चौकीसँगैको पर्खालमा मिथिलाको मौलिक कला, संस्कृति र पहिचान झल्काउने गरी बनाइएका आकर्षक मिथिला चित्रकलाको अवस्था अहिले उपेक्षित देखिएको हो ।

पर्खालमा मिथिलाको लोकजीवन, प्रकृति, धार्मिक आस्था तथा सांस्कृतिक परम्परा झल्काउने चित्रहरू बनाइएका छन् । तर, ती चित्रकलाको अगाडि लामो समयदेखि ठेलाहरू राखिँदा चित्रकलाको सौन्दर्य छोपिनुका साथै सार्वजनिक स्थलको दृश्यसमेत अव्यवस्थित बनेको देखिन्छ ।

जनकपुरधाम उपमहानगरपालिका र प्रदेश सरकारद्वारा जनकपुरधामका विभिन्न सार्वजनिक स्थलका पर्खालहरुमा करोडौ रुपैइा लगानी गरी मिथिला पेन्टिङ्ग गरिएका थिए । तर हाल ती पेन्टिङ्गप्रति सरोकारवाला निकायले चासो नलिँदा पेन्टिङ्ग उखालिने र नदेखिने गरी छेक्ने लगायतका प्रवृति बढेको हो ।

वरिष्ठ मिथिला चित्रकार विजयदत्त मणि भन्छन्, 'मिथिला चित्रकला जनकपुरधामको सांस्कृतिक पहिचान र पर्यटकीय आकर्षणको महत्वपूर्ण हिस्सा हो । यही पहिचानलाई जीवन्त राख्न सार्वजनिक स्थलका पर्खालहरूमा स्थानीय कला र संस्कृति झल्किने चित्रहरू बनाइए पनि तिनको संरक्षण, सरसफाइ र व्यवस्थापनमा सम्बन्धित निकायको ध्यान पुगेको देखिँदैन ।'

अर्का चित्रकार सुनैना ठाकुर भन्छिन्, ' एकातिर मिथिला चित्रकलालाई अन्तर राष्ट्रियस्तरमा चिनाउने प्रयास भइरहेको छ भने अर्कोतिर आफ्नै शहरमा बनाइएका चित्रकलाको अगाडि ठेला राखेर तिनको सौन्दर्य ओझेलमा पारिएको छ । यसले कला संरक्षणका नाममा गरिने प्रयास र व्यवहारबीचको अन्तरसमेत स्पष्ट देखिएको छ ।'

ठेला व्यवसायीहरूको जीविकोपार्जनलाई असर नपर्ने गरी वैकल्पिक व्यवस्थापन गर्नु आवश्यक छ । तर, सार्वजनिक स्थल, पैदलयात्रीको आवागमन र शहरको सांस्कृतिक सौन्दर्यलाई समेत ध्यानमा राख्दै सम्बन्धित निकायले ठेलाको उचित व्यवस्थापन तथा मिथिला चित्रकलाको संरक्षणमा पहल गर्नुपर्ने आवश्यकता रहेको उनको भनाइ छ ।

मिथिला चित्रकला पर्खाल सजाउने माध्यम मात्र नभई यो मिथिलाको इतिहास, संस्कृति र पहिचानको जीवन्त अभिव्यक्ति पनि हो । त्यसैले यसको संरक्षण नारामा मात्र नभई व्यवहारमै देखिन आवश्यक रहेको स्थानीय सुशील कर्ण बताउँछन् ।

धनुषाका युवक बने लाखपति



टुडे समाचारदाता

जनकपुरधाम । करदाता प्रोत्सान कार्यक्रम अन्तर्गत धनुषाका एक युवक लाखपति बनेका छन । सानो रकमको सामान खरिद गर्दा लिइएको बिलले उनलाई लाखपति बनाएको हो ।

आन्तरिक राजस्व विभागले सार्वजनिक गरेको 'करदाता प्रोत्साहन कार्यक्रम' को नतिजा अनुसार धनुषाको नगराइन नगरपालिका-९ घोरघास भई हाल ललितपुरमा बस्दै आएका गौरीशंकर पण्डितले १० लाख रुपैयाँ उपहार जितेका हुन् ।

उनले गत कात्तिक ५ गते ललितपुरको धापाखेलस्थित बिगमार्टबाट ४१५ रुपैयाँ मूल्यको तोरीको तेल खरिद गरी ई-सेवामार्फत भुक्तानी गरेका थिए । १० लाख रुपैयाँको विजेता बनेसँगै अत्यधिक खुसी व्यक्त गरेका पण्डितले सामान खरिद गर्दा अनिवार्य रूपमा बिल लिने बानी बसाल्न सबैलाई आग्रह गरेका छन् ।

करदाता प्रोत्साहन कार्यक्रमले नागरिकहरूलाई कारोबारको बिल लिने बानीको विकास गराउन थप ऊर्जा प्रदान गरेको छ । यी बाहेक अन्य १५ जना एक लाखभन्दा बढी रकम उपहार पाएका छन् । प्रत्येक महिनाको दुई पटक नेपाल सरकारको अर्थमन्त्रालयले करदाता प्रोत्साहन कार्यक्रम अन्तर्गत सो उपाहार वितरण गर्दै आएका हुन् ।

धानको कटानी सम्बन्धी किसानहरुलाई तालिम

टुडे समाचारदाता

जनकपुरधाम । महोत्तरीको भङ्गाहा नगरपालिकामा किसानहरुलाई धानको उन्नत कटानी तथा व्यवस्थापन सम्बन्धी तालिम दिइएको छ ।

धानबालीको कटानीपछि हुने नोक्सानी कम गर्दै उत्पादनको गुणस्तर कायम राख्न तथा कृषकको



आम्दानी बढाउने उद्देश्यले राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम हार्दिनाथको आयोजनामा सञ्चालन गरिएको तालिममा स्थानीय ५५ जना किसानको सहभागिता रहेको थियो ।

तालिममा धानको उचित समयमा कटानी गर्ने, प्रभावकारी रूपमा दाइँ गर्ने, वैज्ञानिक तरिकाले सुकाउने, सुरक्षित भण्डारण गर्ने तथा प्रशोधनका क्रममा अपनाउनुपर्ने सावधानीबारे कृषकलाई प्राविधिक जानकारी दिइएको थियो ।

कार्यक्रमको अध्यक्षता गरेकी राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम हार्दिनाथकी वरिष्ठ वैज्ञानिक डा. पल्लवी सिंहले ड्एएक्स परियोजनामार्फत कृषि प्रविधिको विकास र हस्तान्तरण गरी कृषिको उत्पादकत्व तथा उत्पादनको गुणस्तर वृद्धि गर्ने लक्ष्य राखिएको बताइन् ।

उनले उन्नत धानका जातको प्रवर्द्धन, कृषकको सहभागितामा जात छनोट, प्रदर्शन तथा प्राविधिक सहयोगमार्फत स्थानीय कृषकलाई लाभान्वित गर्ने प्रयास भइरहेको जानकारी दिइन् ।

कार्यक्रममा रवीन्द्र प्रसाद साहले धानको कटानीपछिको क्षति न्यूनीकरणका उपायबारे सहजीकरण गर्दै उचित समयमा कटानी, प्रभावकारी दाइँ, सुकाइ तथा सुरक्षित भण्डारणको महत्त्वबारे जानकारी गराए । कार्यक्रमको सहजीकरण सिद्धार्थ सापकोटाले गरे ।

तालिमका क्रममा कृषकहरूले धान खेतीमा कृषि यन्त्र तथा उपकरणको सहज उपलब्धता नहुँदा कटानी र दाइँमा समस्या भइरहेको गुनासो गरेका थिए । उनीहरूले ड्एएक्स परियोजनामार्फत प्राप्त उन्नत धानको बीउ तथा प्राविधिक सहयोगले खेती व्यवस्थापनमा सहजता आएको भन्दै खुसीसमेत व्यक्त गरेका थिए ।

यसैबीच, कृषकहरूले विशेषगरी चैते धान सुकाउन ग्रेन ड्रायर, सुरक्षित भण्डारण गृह तथा व्यवस्थित दाइँस्थल (थ्रेसिङ फ्लोर) को व्यवस्था गर्नुपर्ने माग गरेका छन् । प्रतिकूल मौसमका कारण धान सुकाउन कठिनाइ हुने गरेको उल्लेख गर्दै उनीहरूले आवश्यक पूर्वाधार उपलब्ध भए उत्पादनको गुणस्तर जोगाउन र नोक्सानी घटाउन मद्दत पुग्ने बताएका थिए ।

कृषकका समस्या, अनुभव र सुझावलाई आगामी कार्यक्रमको आधार बनाउँदै अनुसन्धान निकाय, स्थानीय तह तथा विकास साझेदारबीच सहकार्य विस्तार गर्नुपर्ने आवश्यकता पनि कार्यक्रममा औंल्याइएको थियो ।

लायन्स क्लब अफ जनकपुरधाम बोल्ट्स स्थापना

टुडे समाचारदाता

जनकपुरधाम । सामाजिक सेवा र मानवीय सहयोगका गतिविधिलाईविस्तारगर्नेउद्देश्यसहित जनकपुरधाममा लायन्स क्लब अफ जनकपुरधाम बोल्ट्स स्थापना गरिएको छ । क्लबले औपचारिक रूपमा चार्टर प्राप्त गरेसँगै जनकपुरधाममा लायन्स क्लबको सेवामूलक अभियानले थप विस्तार भएको हो ।

लायन्स वर्ष २०२६-२७ मा सुरु भएको क्लब विस्तार अभियानअन्तर्गत जनकपुरधाममा लायन्स क्लब अफ जनकपुरधाम हेरिटेजको स्थापनाबाट सुरु भएको यात्रा क्रमशः लायन्स क्लब अफ जनकपुरधाम भन्तारा र लायन्स क्लब अफ जनकपुरधाम रोयल्स हुँदै लायन्स क्लब अफ जनकधाम बोल्ट्ससम्म पुगेको हो ।

लायन्स वर्ष २०२६-२७ का अध्यक्ष विकास साहको नेतृत्वमा अघि बढाइएको यस अभियानले जनकपुरधाममा सामाजिक सेवा, मानवीय सहयोग र सामुदायिक उत्तरदायित्वका गतिविधिलाई संस्थागत रूपमा विस्तार गर्ने लक्ष्य लिएको छ ।

लायन्स क्लब अफ जनकपुरधाम बोल्ट्सका अध्यक्ष श्यामप्रसाद साहसहित सम्पूर्ण क्लब परिवारलाई यस अवसरमा बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरिएको छ ।

क्लब स्थापनादेखि चार्टर प्राप्तिसम्मको यात्रालाई सफल बनाउन एक्सटेन्सन चेयरपर्सन, मेन्टर तथा डिस्ट्रिक्ट जीईटी कोअर्डिनेटर मनिष रमण साहले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

जनकपुरधाममा लायन्स क्लबहरूको संख्या बढ्दै जाँदा सामाजिक सेवा, मानवीय सहायता तथा समुदायको आवश्यकता सम्बोधन गर्ने अभियान थप प्रभावकारी हुने विश्वास लिइएको छ ।

रौतहटमा जन्मियो तीन खुट्टा भएको बालिका



टुडे समाचारदाता

रौतहट । रौतहटको राजपुरमा तीनवटा खुट्टा भएको नवजात बालिकाको जन्म भएपछि स्थानीय क्षेत्रमा चासो बढेको छ। राजपुर नगरपालिका-स्थित प्राथमिक स्वास्थ्य केन्द्र फरहदवामा सोमबार बिहान करिब ५ बजे २८ वर्षीया नुसिदा खातुनले सामान्य प्रसूतिमार्फत बालिकालाई जन्म दिएकी हुन् ।

गुजरा नगरपालिका-८ कनकपुर निवासी खातुन राजपुर नगरपालिका-३ डमार चोकका सेख मोसाफिरकी छोरी हुन् । स्वास्थ्य केन्द्रका प्रमुख स्वास्थ्यकर्मी रामेश्वर मिश्रका अनुसार नवजात शिशुको तौल तीन किलोग्राम छ । जन्मलगत्तै गरिएको प्रारम्भिक परीक्षणमा बालिकाको अवस्था सामान्य पाइएको उनले बताए ।


बालिकाको शरीरमा दुईवटा सामान्य खुट्टासँगै देब्रे खुट्टामा अर्को अतिरिक्त खुट्टा जोडिएको छ। उक्त अतिरिक्त खुट्टा अन्य दुईको तुलनामा केही पातलो भए पनि त्यसमा नडसमेत रहेको स्वास्थ्यकर्मीहरूले बताएका छन् ।

स्वास्थ्यकर्मी आजाद हुसैनका अनुसार शिशुको असामान्य शारीरिक अवस्थालाई ध्यानमा राख्दै थप परीक्षण र उपचारका लागि वीरगन्जस्थित नारायणी अस्पतालमा लैजान चिकित्सकीय सल्लाह दिइएको थियो। तर, परिवारका सदस्यहरूले आपसी सल्लाहपछि स्वास्थ्य केन्द्रबाट शिशुलाई लिएर गएको बताइएको छ ।

घटनाबारे जानकारी पाएपछि राजपुर नगरपालिकाका नगरप्रमुख डा. राजीक आलमले स्वास्थ्यकर्मीहरूको कार्यसम्पादनको प्रशंसा गरेका छन् । उनले जटिल अवस्थाको शिशुको जन्मपछि तत्काल आवश्यक प्रक्रिया पूरा गरी थप उपचारका लागि रेफर गर्ने तयारी गरेको भन्दै स्वास्थ्यकर्मी तथा प्रसूति सेवामा संलग्न नर्सिङ कर्मचारीहरूको प्रशंसा गरेका हुन् ।

नगरप्रमुख आलमले स्वास्थ्यकर्मीहरूको तत्परता, जिम्मेवारी र सेवाभावप्रति सम्मान व्यक्त गर्दै नवजात बालिकाको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् । यद्यपि, बालिकाको शरीरमा अतिरिक्त खुट्टा जोडिनुको कारण र त्यसको उपचार सम्भावनाबारे विस्तृत जानकारी चिकित्सकीय परीक्षणपछि मात्रै खुल्नेछ ।

नेपाल बडही समाजको केन्द्रीय अध्यक्षमा सुरेश ठाकुर सर्वसम्मत चयन



टुडे समाचारदाता

जनकपुरधाम । नेपाल बडही समाजको छैटौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय अध्यक्षमा सुरेश ठाकुर सर्वसम्मतरूपमा चयन भएका छन् । त्यस्तै, केन्द्रीय सचिवमा लक्ष्मी सुथिहारलाई पनि सर्वसम्मत चयन गरिएको निर्वाचन समितिले जनाएको छ ।

महाधिवेशनको बन्दसत्रमा नयाँ नेतृत्व चयन गर्ने विषयलाई लिएर प्रतिनिधिहरूबीच विवाद उत्पन्न भएपछि तत्कालका लागि अध्यक्ष र सचिव पदमा मात्र नेतृत्व चयन गरिएको छ । बाँकी पदाधिकारी तथा केन्द्रीय सदस्यहरूको चयन भने नवनिर्वाचित अध्यक्ष र सचिवसहितको टोलीले महाधिवेशन प्रतिनिधिहरूसँग आवश्यक समन्वय र छलफल गरी गर्ने सहमति भएको छ ।

नवनिर्वाचित अध्यक्ष ठाकुरले समाजको नेतृत्व गर्ने जिम्मेवारी प्राप्त गरेसँगै नेपाल बडही समाजलाई थप सशक्त, एकताबद्ध र संगठित बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले कुशल नेतृत्व, दूरदर्शी सोच र सक्रिय कार्यशैलीमार्फत समाजलाई नयाँ उचाइमा पुऱ्याउने आफ्नो लक्ष्य रहेको बताएका छन् । उनले बडही समुदायको सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक तथा राजनीतिक सशक्तीकरणका लागि संस्थाले योजनाबद्ध रूपमा काम गर्नुपर्ने आवश्यकता रहेको बताए । समुदायको पहिचान र अधिकार संरक्षण गर्दै राज्यका हरेक निकायमा बडही समुदायको समानुपातिक पहुँच र प्रतिनिधित्व सुनिश्चित गर्न निरन्तर संघर्ष गरिने उनले प्रतिबद्धता व्यक्त गरे ।

त्यस्तै समाजको एकता कायम राख्ने, समुदायको मौलिक पहिचान र संस्कृतिको संरक्षण गर्ने, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा पहुँच विस्तार गर्ने र आर्थिक उन्नतिका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने विषयलाई आफ्नो कार्यकालको प्राथमिकतामा राखिने उनको भनाइ छ ।

अध्यक्ष ठाकुरले नवनिर्वाचित नेतृत्वको कार्यकाल समाजको एकता, पहिचान, हकहित र समग्र विकासका दृष्टिले उपलब्धिमूलक तथा ऐतिहासिक बनाउन सबैको साथ, सहयोग र सहकार्य आवश्यक रहेको उल्लेख गरेका छन् । महाधिवेशनमा नेतृत्व चयनका क्रममा देखिएको असहमतिलाई संवाद, सहमति र सहकार्यमार्फत समाधान गर्दै बाँकी केन्द्रीय पदाधिकारी तथा सदस्यहरू चयन गर्ने प्रक्रिया अघि बढाइने जनाइएको छ । अध्यक्ष र सचिवसहितको नेतृत्वले प्रतिनिधिहरूसँग समन्वय गरी समावेशी तथा सर्वस्वीकार्य केन्द्रीय समिति निर्माण गर्ने अपेक्षा गरिएको छ ।

नेपाल बडही समाजको छैटौं राष्ट्रिय महाधिवेशनले नयाँ नेतृत्व चयनसँगै समुदायको संगठनात्मक सुदृढीकरण, सामाजिक एकता, पहिचानको संरक्षण र अधिकार प्राप्तिको अभियानलाई थप प्रभावकारी बनाउने जनाइएको छ ।

यस महाधिवेशनको उद्घाटनसत्रमा समाजमा विभिन्न क्षेत्रमा आफ्नो लगानी लगाएर काम गरिरहेका तथा समाजमा नागरिक समाजका अगुवाका रुपमा समाजको हकहीतका लागि कार्यरत्त रहेका व्यक्तित्वहरुलाई समेत सम्मान गरिएको थियो । भने यस महाधिवेशनमा एक हजार पाँच सय जना प्रतिनिधि तथा पर्यवेक्षक सहभागी रहेका थिए ।

श्रोत नखुलेको रकम सहित भारतीय नागरिक पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । स्रोत नखुलेको १० लाख रुपैयाँसहित प्रहरीले रौतहटबाट एक भारतीय नागरिक पक्राउ परेको छ । पक्राउ पर्नेमा भारतको बिहारस्थित मोतिहारी जिल्ला घोडासन ग्रामका ३३ वर्षीय टुना दास रहेका छन् ।

मधेस प्रदेश प्रहरी कार्यालयका अनुसार सोमबार दिउँसो रौतहटको बौधीमाई नगरपालिका-७ बंकुलस्थित बंकुल-नरकटिया सडकखण्डबाट सोबार उनलाई पक्राउ गरिएको जनाएको छ । प्रहरी चौकी बंकुलबाट खटिएको टोलीले बाराबाट रौतहटतर्फ आउँदै गरेको बीआर ०५ एएफ ३७८७ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा लुकाइछिपाइ राखिएको अवस्थामा नगद फेला परेको थियो ।

प्रहरीका अनुसार दासको साथबाट एक हजार रुपैयाँका ५९३ थान र पाँच सय रुपैयाँका ८१४ थान गरी कुल १० लाख रुपैयाँ बरामद भएको हो । बरामद रकमको स्रोत नखुलेपछि नगदसहित उनलाई नियन्त्रणमा लिएर प्रहरीले आवश्यक अनुसन्धान अघि बढाएको जनाएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८